# २०२० साल (रेइवा २ साल) टोकियो महानगरीय सरकारी उच्च माध्यामिक विद्यालय तथा अन्य विद्यालयहरुको 「छात्रवृत्ति अनुदान रकम」 प्रणाली सम्बन्धि जानाकारी

「छात्रवृत्ति अनुदान रकम」 भन्नाले, अध्ययन शुल्क बाहेकको शैक्षिक खर्च (जस्तै पाठ्यपुस्तक खर्च, शिक्षण सामग्री खर्च, विद्यालय आपूर्ति खर्च, अतिरिक्त गतिविधि अन्तर्गतका खर्चहरू आदि)को आर्थिक बोझलाइ कम गराउन, यस पछिका दिनमा फिर्ता गर्न नपर्ने गरी अभिभावकको खातामा तोकेको निकायले सहयोग राहत (निश्चित रकम ) जम्मा गरिदिने या वितरण गर्ने प्रणाली हो भन्ने बुझाउछ। यस प्रायोजनको लागि **२०२० साल बाट अचानक रुपमा पारिवारिक आम्दानीमा तिब्र ह्रास भएका परिवारहरु पनि आवेदनको लागि योग्य हुनेछन् ।**

※ **「अध्ययन सहायता रकम」तथा「छात्रवृत्ति अनुदान रकम」**को आवेदनको म्याद र मापदण्डहरु फरक भएकाले कृपया ध्यानपूर्वक पढ्नुहोला

※ 「**छात्रवृत्ति अनुदान रकम**」 को लागि आवेदन नदिनुभएको खण्डमा, कुनै प्रकारको कागजपत्र बुझाउनु पर्ने छैन ।

## 1 योग्यताको मापन गर्ने आधार (बार्षिक अनुदान रकम)

मिति२०२०साल ७ महिना १गतेको मितिमा अभिभावक अथवा अन्य टोकियोमा बसोबास गर्नु भएको छ ?

- छ → (तलको प्रश्नमा)
- छैन → आफु बसेको प्रान्तमा आवेदन दिनु पर्ने छ । प्रान्त अनुसार आबेदन दिने म्याद र बुझाउनु पर्ने कागजातहरु फरक पर्ने भएकोले, तुरुन्तै आफ्नो बसोबास गरिरहेको प्रान्तमा सम्पर्क गर्नुहोस् ।

रेइवा २ साल ७ महिना १गतेको मितिमा, अभिभाबकले जीविकोपार्जन राहत (जीवन सहायता )लिनु भएको छ ?

- छ → " जीविकोपार्जन राहत (जीवन सहायता ) प्राप्त गर्ने घरपरिवार को लागी दिइने कल्याणकारी रकम
- छैन ↓

रेइवा २ सालमा、अभिभाबक सबैजनाको 「प्रान्तीय आय कर」अथवा 「निवासीय आय कर」करको दायरामा नपर्ने (0येन) बराबर छ ?
(अचानक आयमा तिब्र कमि भई करको दायरामा नपर्ने गरि (0येन) बराबरमा झर्ने पक्का भएका हरुलाई पनि योग्य मनिने छ ।) )
***यदि तपाई यो कर लागु हुने तिथिमा (रेइवा २ साल १महिना १गते) विदेशमा बसोबास गरेको वा अन्य कारणले आय विवरण प्रमाणपत्र नभएकोले अथवा आय विवरण पेश गर्न नसकेमा ,आय करको दायरामा नपर्ने भनि प्रमाणित गर्न नसकिने हुनाले आवेदन दिन पाइने छैन ।**

- छ ↓
- छैन → यो प्रणाली अन्तर्गत आबेदन दिन योग्य मानिने छैन । * अचानक आयमा कमि भएकोहरुले जहिलेपनि आबेदन दिन सक्नु हुनेछ । बिस्तृत जानकारीको लागी तलको 「8 संपर्क गर्नु परेमा 」मा सम्पर्क गर्नुहोला ।

२०२० साल ७ महिना 1 गतेको मितिमा 、के विद्यार्थी पत्राचार (चुउसिनसेइ) पद्दतिको अध्ययन कोर्षमा भर्ना छन् ?

- छ → "कर छुट परिवारहरू (सञ्चार प्रणाली / प्रमुख पाठ्यक्रम)" को लागि दिइने कल्याणकारी रकम
- छैन ↓

२०२० साल ७ महिना 1 गतेको मितिमा, के तपाइका भाइबहिनि हरु तलको कुनै मापदण्डमा पर्छन?
A. क) हाईस्कुलमा भर्ना नभएको, १५वर्ष भन्दा माथिको (माध्यमिक विद्यार्थी बाहेक), २३वर्ष भन्दा कम उमेरको आश्रित भाइबहिनी
B. ख) हाईस्कुलमा अध्ययनरत भाइबहिनी ( सरकारी ・गैरसरकारी, उमेर जे भएपनि फरक नपर्ने)

- छ (A) → "कर छुट पारवार" (दोस्रा बच्चा) नियमित/आंशिकका बिद्यार्थीलाई दिइने कल्याणकारी रकम
- छ (B) ↓
- छैन → "कर छुट परिवार" (पहिलो बच्चा) नियमित / आंशिकका बिद्यार्थी लाई दिइने कल्याणकारी रकम

के भाइबहिनीहरु तलको कुनै मापदण्ड भित्र पर्छन्?
- माथि उल्लेखित विद्यार्थी भन्दा माथिको कक्षामा पढ्ने हाईस्कुल विद्यार्थी ।
- पत्राचार पद्दतिको कोर्षमा अध्ययनरत हाईस्कुल विद्यार्थी भएको ।

- छ → "कर छुट पारवार" (दोस्रा बच्चा) नियमित/आंशिकका बिद्यार्थीलाई दिइने कल्याणकारी रकम
- छैन → "कर छुट परिवार" (पहिलो बच्चा) नियमित / आंशिकका बिद्यार्थी लाई दिइने कल्याणकारी रकम

※(नोट १) अभिभावकहरूभन्नाले , सिद्धान्ततय जोसंग विद्यार्थीको रेखदेख गर्ने अभिभाकीय अधिकार हुन्छ उसैलाई जनाउछ । यदि तपाईंको अभिभावक छैन भने, विद्यार्थीको सबैभन्दा नजिकको प्रमुख सम्रक्षणकर्ता मानिने व्यक्ति जो छ उसैलाई नै अभिभाबक मानिनेछ ।

※(नोट २) कल्याणकारी रकम को मात्रा अभिभावकको आर्थिक स्थितिमा निर्भर हुन सक्दछ।

## 2 अनुदान रकम (वार्षिक रकम)

करछुट परिवारको सदस्यको लागि अनलाइन शिक्षाको निमित्त १०,००० येन (निश्चित रकम) अतिरिक्त संचार महसुल प्रदान गरिनेछ।

| | नियमित /आंशिक कोर्ष | पत्राचार पद्दतिको कोर्ष (चुउसिन्सेइ ) | बिशिस्ट या उच्च कोर्ष (सेनकोउका ) |
|---|---|---|---|
| " जीविकोपार्जन राहत (जीवन सहायता ) प्राप्त गर्ने घरपरिवार | 32,300 येन | 32,300 येन | - |
| "कर छुट परिवार" (पहिलो बच्चा) | 84,000 येन | 36,500 येन | 36,500 येन |
| "कर छुट परिवार" (दोस्रो बच्चा) | 129,700 येन | | |

＊भुक्तानि गरेको रकम फितो गने आवश्यक छैन।
＊ भुक्तानीको समय रेइवाको दोस्रो वर्षको डिसेम्बर (२०२० साल १२ महिना ) देखी हुनेछ ।

## 3 लक्षित व्यक्तिको विवरण

२०२० साल ७ महिना (जुलाई महिना) १गते (लागुहुने मिति: ७महिना (जुलाई महिना ) पछि भर्ना भएका विद्यार्थहरुको हकमा भर्ना भएको मिति) सम्म अभिभावकले निम्नलिखित सर्तहरु पुरा गरेको हुनुपर्ने छ ।

**(1) उच्च माध्यामिक विद्यालयको अध्ययन कोष अथवा पुनःअध्ययन कोष प्राप्त गर्न योग्य सरकारी उच्च माध्यामिक विद्यालयको विद्यार्थी भएको हुनुपर्ने छ ।**

※ उच्च माध्यामिक विद्यालयका विद्यार्थीहरू जो अनाथालयमा भर्ना भएका छन् वा पालन पोषण को लागि धर्म बुवा या धर्म आमा ले हेरचाह गरिरहेको खण्डमा र भ्रमण यात्रा खर्चहरू वा विशेष प्रशिक्षण खर्चहरू प्राप्त गर्नको लागि लाभान्वित भैसकेका को खण्डमा त्यस्ता आबेदन कर्ताहरु यो सेवाको लाभलिन का लागि योग्य ठहरिने छैनन् ।

※ यो प्रणाली को लागि योग्य ठहरिएका एकै परिबारका दाजुभाइ तथा दिदिबैनी जो भए पनि हरेक ले छुट्टा छुट्टै आवेदन दिनुपर्नेछ ।

**(२) अभिभावकको टोकियोमा ठेगाना भएको हुनुपर्नेछ ।**

※ अभिभावकको ठेगाना टोकियोमा नभएको खण्डमा हाल बसोबास गरेको ठेगानामा अबस्थित सरकारी कार्यलया बाट आबेदन गराउनु पर्ने छ।

※ यदि अध्ययन गरिरहेको विद्यार्थी टोकियो बाहिरको उच्च माध्यामिक विद्यालयमा भर्ना भएको छ तर अभिभाबकको ठेगाना टोकियोमा मा भएको खण्डमा, आवेदन चाँही टोकियोको शैक्षिक बोर्डमा दिनु पर्ने छ ।

**(३ ) यस प्रायोजन अन्तर्गत लाभान्वित हुनका लागि वडा या नगर कार्यालयबाट जिबिकोपार्जनको लागि राहत प्राप्त गरिरहेको, अथवा करको दायरामा नपर्ने अति निम्न स्तर (0 येन बराबरको) को कमाई भएको प्रमाणित गर्नु पर्ने छ । अथवा अचानक बेरोजगारी भएको वा टाट पल्टिएर आर्थिक स्थिती कमजोर भएर अब देखिको कमाई करको दायरामा नपर्ने (0 येन बराबरको) कुरा पक्का भएको कागजात या प्रमाण पाउन सक्ने या पाउन सम्भब भएको हुनुपर्नेछ ।**

※ कुनै कारणबस वडा कार्यालयबाट कर अथवा कमाईको विवरण उपलब्ध गराउन नसकेको वा माई (व्यक्तिगत) नम्बर बाट कमाईको विवरण नखुलेको हकमा आबेदन दिन सक्नुहुने छैन ।

※ दैविक प्रकोप को कारण बाहेक, सेवानिवृत्ति आदि कारणबाट कमाई घटेकोलाई, अचानक आर्थिक स्थिती कमजोर भएको मानिने छैन ।

※ यदि जुलाई पछि तपाईंको घरको आम्दानीमा अचानक गिरावट भयो भने, (आम्दानीमा अचानक गिरावट भएका परिवारहरूको लागि राहात प्राप्त गर्न सकिने र <कुनै पनि समयमा पनि आवेदन दिन सकिने राहात प्रणाली> अन्तर्गत आवेदन दिन सक्नुहुनेछ | कृपया त्यसमा सन्दर्भ गर्नुहोला ।

[प्रीफेक्चुरल (प्रदेश या प्रान्तीय ) आय कर तथा [वडा, नगरपालिका आय कर छुट ]हुने अथवा अति निम्न कमाई मानिने घरहरूको बार्षिक आम्दानी देहाय बमोजिम हुने अनुमान गरिन्छ ।

| परिवारको संख्या | 2 जना | 3 जना | 4 जना | 5 जना | 6 जना |
|---|---|---|---|---|---|
| परिवारको अपेक्षित वार्षिक आय | 204.4 मान येन भन्दा कम | 221.6 मान येन भन्दा कम | 271.6 मान येन भन्दा कम | 321.6 मान येन भन्दा कम | 370.4 मान येन भन्दा कम |
| वार्षिक आय रकम | 125 मान येन भन्दा कम | 137 मान येन भन्दा कम | 172 मान येन भन्दा कम | 207 मान येन भन्दा कम | 242 मान येन भन्दा कम |

※ परिवारको संख्या भन्नाले आवेदक (अभिभाबक आदि) र तिनीहरूका आश्रित परिवार सबै जनाको कुल संख्या हुनेछ ।

※ यस तालिकामा वार्षिक घरको आम्दानी भन्नाले कम्पनीबाट तलब बुझ्ने कर्मचारीको कुल आम्दानीलाई जनाउँछ ।

※ दुई व्यक्तिको परिवारको लागि अनुमानित वार्षिक आय र वार्षिक आम्दानी विधवा (पति) परिवारको लागि हुनेछ ।

## 4 बारम्बार सोधिने प्रश्नहरू

**Q1 मेरा लागि आयकर को छुट छ कि छैन भन्ने कुरा कसरी थाहा पाउन सकिन्छ?**

A1 तपाईंको कम्पनी द्वारा दिइएको कर सम्बन्धी सूचनाको कागजात, वा तपाईंको नगरपालिका द्वारा पठाइएको घर जग्गा कर भुक्तान सम्बन्धी सूचना कागजात हेर्नुहोस् । यदि माथिको कागजातहरू आफुसंग छैनन् भने , २०२० साल (रेइवा २ साल ) १ महिना १गते सम्ममा आफु बसेको वडा / नगरपालिका कार्यालयमा गएर २०२० साल को अम्दानी को प्रमाणपत्र जारी गराई मगाउनुहोस र यकिन गर्नुहोस् ।

**Q2 म हाल बिदेशमा बसिरहेको हुनाले मेरो जापानमा ठेगाना छैन। अध्ययन सहायता रकम कोष बाट भुक्तान भैरहेको हुनाले छात्रवृत्तिका लागि आवेदन दिन सक्छु कि सक्दिन?**

A2 अध्ययन को लागि दिइने छात्रवृति रकम पाउनको लागि अभिभाबक हरु सबैको ठेगाना जापानमा हुनुपर्ने सर्त छ | यदि तपाइँ विदेशमा कामको लागि पोस्ट हुनुभएको छ र तपाइँका आमा वा बुबा मध्ये एक जना को पनि जापानमा ठेगाना छैन भने, त्यस्तो आवेदक ले आवेदन दिन पाउने छैन । यद्यपि, २०२० साल ७महिना १गते सम्म कुनै एक अभिभाबक को ठेगाना टोकियोमा भएको र सबै अभिभाबक को आम्दानी वडा, प्रदेश या नगरपालिका कार्यालयबाट २०२० साल को आय, आयकरको दयारा भन्दा कम भएको प्रमाणित गर्न सकेमा आबेदन दिन मिल्ने छ ।

**Q3 खाकुतेई सिन्कोकु (कर फिर्ताको आबेदन) नगरेकोले पनि आवेदन दिन मिल्छ कि मिल्दैन ?**

A3 खाकुतेई सिन्कोकु (कर फिर्ताको आबेदन ) नगरेको खण्डमा निवास कर छुट छ की छैन भनि पुष्टी गर्न नसकिने हुदा आबेदन दिन मिल्दैन । यस्तो अवस्था मा आफ्नो निवास कर र आयको प्रमाणपत्र बुझाउन नसक्ने हुँदा साथै माई नम्बरबाट करको विवरण हेर्न नसक्ने हुनाले तुरुन्त कर फिर्ताको आवेदन दिनुहोस । यद्यपि, २०२० साल ७महिना १गतेमा यदि तपाईं वडा कार्यालयबाट जीविकोपार्जन सहायता (सेइकाचु होगोउ या सेइग्योउ फुज्योउ) प्राप्त गर्दै हुनुहुन्छ भने, तपाईंले अन्तिम आयकर फिर्ताको लागि फाइल गर्नु आवश्यक पर्दैन, त्यसैले कृपया जीविकोपार्जन सहायता रसिद प्रमाणपत्र बुझाउनुहोस्।

**Q4 मेरो बुबा कामको सिलसिलमा अर्को प्रदेश मा (प्रान्तमा) पोस्ट भइ उतै बस्नुहुन्छ। के म टोकियो बाट नै आवेदन दिन सक्छु?**

A4 यदि टोकियोमा तपाईको बसाई हो भने टोकियो बाट आवेदन दिनुहोस । यदि बुवा ले हाल पोस्ट भएको ठाउँ बाट नै आवेदन दिएको खण्डमा टोकियोमा आवेदन दिन मिल्दैन ।

**Q5 मैले जुलाई १ पछि स्कूल फेरेको छु,( या छाडेको छु) भने आवेदन दिन सक्छु कि सक्दिन ? यदि म आवेदन दिन सक्छु भने के मैले फेरेको नया स्कूलबाट आबेदन दिन मिल्छ कि मिल्दैन ?**

A5 आबेदन दिन सक्नुहुन्छ । जुलाई १ पछि छोड्नु भएको खण्डमा छोडेको स्कुल बाट, र जुलाई १ पछि स्कुल फेरेको खण्डमा फेरेको स्कुल भन्दा पहिलाको स्कुल बाट आबेदन दिनुहोस ।

**Q6 घरको आम्दानी अचानक परिवर्तन (या गिरावट) भएको कारण प्रमाणित गर्न कस्तो कागजात आवश्यक पर्दछ ?**

A6 जागिर छोडेको पुर्जी या कागज, रोजगार बीमा को प्रमाणपत्र, जागिर खारेज गरिएको कागजपत्र, टाट पल्टिएको कागजपत्र, व्यवसाय बन्दको सूचनाको कागजपत्र आदि आवश्यक पर्दछ ।
यदि माथिका कागजपत्र पेश गर्न कठिनाई भएको खण्डमा, आम्दानी मा अचानक परिबर्तन (या गिरावट ) भएको कुरा प्रमाणित गर्नसक्ने कुनैपनि कागज जस्तै छुट्टीको सूचना र जागिरको काम गर्ने दिन हरु अति नै कम गराईएको शिफ्ट तालिका इत्यादी कागज हरु पेश गर्नुहोला ।

## 5 आवश्यक कागजपत्र

※ देहाय बोमजिम को चिन्ह (☆) भएका कागजपत्रहरु, हाल अध्ययनरत महानगरको स्कुलको व्यवस्थापन योजना कार्यालय अथवा टोकियो महानगर शिक्षा बोर्डको वेबसाइटबाट २०२० साल ७महिना पछि पाउन सकिन्छ।

### सम्पुर्ण आवेदकहरुले पेश गर्नु पर्ने कागज पत्र हरु

① **टोकियो महानगर सरकारी हाई स्कूलको छात्रवृत्तिको लागि पेश गरिने आवेदन फारम**(☆)

② **भुक्तानी अनुरोध फारम (☆) ＋ बैंक खाताको फोटोकपी**

(बैंकको कोड・शाखाको नाम・खाता नम्बर・खाता वालाको पुरा नाम भएको पानाको फोटोकपी)

③ **भुक्तानी बिनियोजन मंजुरिनामा या अनुमतिपत्र (☆)**

(महानगर का सरकारी उच्चमाध्यमिक बिद्यालय मा अध्ययनरत विद्यार्थी को शैक्षिक शुल्क बापत को रकमबिनियोजन को लागि स्वीकृत गर्नु भएको खण्डमा)

### जीविकोपार्जन राहात (सेइकाचु होगोउ या सेइग्योउ फुज्योउ) लिईराख्नु भएको परिवारको लागि

④ **जीवन सहायताको रसिदको प्रमाणपत्र(☆)**

- 「जीविकोपार्जन राहात」 लेखेको समाज कल्याण को कार्यालय (फुकुसी जिमुस्योले) ले दिएको प्रमाणपत्र पेश गर्नसक्नु हुनेछ ।
- माथिको राहात लिनुभएको अभिभाबकले २०२० साल ७महिना १गते भन्दा अगाडिबाट राहत लिन थालेको र प्रमाणपत्रको जारी मिति २०२० साल ७महिना १गते पछिको हुनु पर्नेछ ।

### कर छुट परिवारहरू (पहिलो र दोस्रो बच्चा) र घरपरिवारको आम्दानीमा आकस्मिक परिवर्तन भएका परिवारहरू

| | कर छुट परिवारहरू (पहिलो र दोस्रो बच्चा) | घरपरिवारको आम्दानीमा आकस्मिक परिवर्तन भएकाहरु |
|---|---|---|
| ④ | **[महानगर विद्यालयका विद्यार्थीहरू]**<br>**माई नम्बर-प्रतिलिपिलाई टासी (माउन्ट गर्ने ) गर्ने कागजपत्र**<br>(यो टाँस गर्ने कागज महानगरको स्कुलको व्यवस्थापन योजना कार्यालयबाट मात्रै पाईनेछ)<br>* अध्ययन सहायता रकमको लागि आवेदन दिदा पहिलेनै बुझाइसकेको भएमा फेरी बुझाउनु पर्दैन<br><br>**[महानगर विद्यालयको बाहेकका विद्यार्थीको लागि ]**<br>**निम्न कागज मध्ये बाट कुनै एक कागज हरेक अभिभाबक ले पेश गर्नु पर्ने**<br>• २०२० साल को निवास कर वा आयको विवरण पत्र<br>• २०२० साल को बिशेष कर संकलन सूचना<br>• २०२० साल को वार्षिक निवास कर भुक्तान सूचना | **पारिवारिक आम्दानीमा अचानक परिवर्तनको कारण प्रमाणित गर्ने कागजपत्रहरु**<br>बेरोजगार (या रोजगार छुटेको) पत्र , रोजगार बीमा प्रमाणपत्र, आदि।<br>**पारिवारिक आम्दानीमा अचानक परिवर्तन हुनु अघि आय प्रमाणित गर्ने कागजपत्र**<br>निम्न कागज मध्ये बाट कुनै एक कागज हरेक अभिभाबक ले पेश गर्नु पर्ने<br>• २०२० साल को निवास कर वा आयको विवरण पत्र<br>• २०२० साल को बिशेष कर संकलन सूचना<br>• २०२० साल को वार्षिक निवास कर भुक्तान सूचना<br>**पारिवारिक आम्दानीमा अचानक परिवर्तन हुनु पछि आय प्रमाणित गर्ने कागजपत्र**<br>कम्पनी बाट प्राप्त हुनसक्ने अपेक्षित तलबको कागजपत्र , हालसाल ३ महिना जतिको तलब विवरण इत्यादि ।<br>कर लेखाकार अथवा प्रमाणित सार्वजनिक लेखाकार द्वारा बनाईएको प्रमाणपत्र<br>**आश्रित परिवारको संख्या र उमेर जनाउने कागजपत्र**<br>आश्रितपरिवारको विवरण भएको निवास करको प्रमाणपत्र आदि<br>स्वास्थ्य बीमा कार्डको प्रतिलिपि |
| ⑤ | **निबासी भएको प्रमाणपत्र अथवा बसोबासको विवरण भएको प्रमाणपत्र(☆)**<br>अभिभाबको बसोबास २०२० साल ७महिना १गते अघि दर्ता भैसकेको र प्रमाणपत्र जारी गरेको मिति २०२० साल ७महिना १गते पछि भएको हुनुपर्नेछ । | |
| ⑥ | (अनलाईन अध्ययन खर्चको लागि अतिरिक्त लाभको आबेदन भर्नेहरुको लागि )<br>**अनलाईन अध्ययन खर्चको विवरण उल्लेखित लिखित शपथ को कागजपत्र (☆)** | |
| ⑦ | (हाईस्कुल विद्यार्थी नभएका तर, १५ वर्ष भन्दा माथिको र २३ वर्ष भन्दा कम उमेरको आश्रित दिदीबहिनी दाजुभाई भएको खण्डमा)<br>**आश्रित दिदीबहिनी दाजुभाईको स्वास्थ्य बीमा को प्रतिलिपि**<br>**यदि तपाईंको स्वास्थ्य बीमा कार्ड राष्ट्रिय स्वास्थ्य बीमा बाट भएको हो भने, कृपया आश्रित आवेदन पत्र (फुयोउ मोसितातेस्यो) (☆)** पनि पेश गर्नुहोस्। | |
| ⑧ | (यदि तपाईँका भाई बहिनीहरू जो टोकियो बाहेक अर्को उच्च माध्यामिक विद्यालयमा भर्ना भएका छन भने 、दोस्रो बच्चाको रूपमा लागूभइ आवेदन दिएको खण्डमा ) **दिदीबहिनी दाजुभाई पढ्ने उच्च माध्यामिक विद्यालयमा अध्ययनरत छ भन्ने प्रमाण पत्र** | |
| ⑨ | (यदि विद्यार्थीको अभिभावक छैन र अर्को व्यक्तिको आयमा आश्रित भएको खण्डमा)<br>**विद्यार्थीको स्वास्थ्य बीमा कार्डको प्रतिलिपि**<br>यदि तपाईंको स्वास्थ्य बीमा कार्ड राष्ट्रिय स्वास्थ्य बीमा हो भने, कृपया आश्रित आवेदन पत्र (फुयोउ मोसितातेस्यो) (☆) पनि यसै साथ पेश गर्नुहोस्। | |

* घरपरिवारको आम्दानीमा अचानक परिवर्तन (या गिरावट)भएका परिवारहरूको लागि आवश्यक कागजातहरू महानगरीय उच्च माध्यामिक विद्यालय तथा गैर-महानगरीय उच्च माध्यामिक विद्यालयका विद्यार्थीहरूको लागि पनि समान हुनेछ ।

■ **पेश गरिएको (विशेष) व्यक्तिगत कागजपत्रको व्यबस्थापन या जानकारीको बारेमा**

यस प्रणाली अन्तर्गत, टोकियो शिक्षा बोर्डमा संकलित या पेश गरिएका विद्यार्थी, अभिभावक, आदि को व्यक्तिगत कागजपत्र, डाटा या अभिलेख को व्यबस्थापन गर्दा कानून र नियम बमोजिम गरिनेछ। यदि तपाईंले छात्रवृत्तिको यस कार्यलाई अर्को कम्पनीमा जिम्मा दिनुभयोको खण्डमा पनि , हामी यो कार्य को जिम्मा लिने ठेकेदारलाई आवश्यक र उचित रूपमा पर्यवेक्षण गर्नेछौं। पेश गरिएको ब्ययत्तिक नम्बर (माइ नम्बर) अन्य अध्ययन सहायता कार्यक्रमहरू(जस्तै टोकियो मेट्रोपोलिटन स्कूलहरूको अध्ययन सहायता रकम, छात्रबृति कार्यक्रम, पून :अध्ययन सहायता कार्यक्रम , आदि) जस्ता कार्यक्रमको प्रायोजन को लागि प्रयोग हुन सक्छ । कृपया यस बारेमा सचेत हुन अग्रिम जानकारी गराउछौ |

## 6 कागजपत्र बुझाउदा ध्यान दिनु पर्ने कुराहरु

(1) माई नम्बर पेश गर्न आबस्यक नभएकाहरूहरुको निवास प्रमाण पत्रमा(ज्युमिन्ह्यो) माई नम्बरलाई नदेखिने गरि कालो लेप अथवा मसिले मेटाए पछि मात्रै पेश गर्नुहोला ।

(2) एकपटक बुझाईएको कागजपत्र फिर्ता नहुने भएको हुँदा ओरिजिनल (सक्कल प्रति ) लाई आफै संग राख्न आवस्यक पर्ने आवेदकले त्यसको प्रतिलिपि पेश गर्नु होला । प्रतिलिपि पेश गर्दाखेरी पुरानाम र मेरो नम्बर को (माई नम्बर) विवरण स्पष्ट रूपमा देखिएको हुनुपर्ने छ ।

(3) यदि नाबालिकको अभिभावक तल उल्लेख भएका चार मध्ये कुनै श्रेणी अन्तर्गत पर्दछन भने, त्यस्ता व्यक्तिको आय विवरण जांच गरिने छैन । साथै त्यस्ता सम्बंन्धित ब्यक्तिको आयको कागजात बुझाउन आवश्यक नपर्ने हुनाले तथा कागजी प्रक्रिया अनुसार अभिभाबक नभए सरह मानिने कारणले सोहि अनुसार प्रकिया पुराएर मात्र आवस्यक कागजपत्र बुझाउनु होला ।
**①बाल परामर्श निर्देशक जो सँग अस्थायी रूपमा अभिभावकीय अधिकार रहेको छ। ②बाल कल्याण सुविधा प्रमुख ③कुनै संस्था सँग सम्बंन्धित नाबालक ④नाबालिगको अभिभावक जसले केवल सम्पत्ती सम्बन्धी अधिकार चलाउने अनुमति पाएको छ**

(4) (यदि विद्यार्थीहरू टोकियो मेट्रोपोलिटन सरकारी स्कूल बाहेक अरु स्कुलमा भर्ना भएका छन् वा यदि कुनै कारणका खातिर तपाईं मेरो नम्बर सम्बन्धि कागजपत्र (माई नम्बर स्यूस्यु दाइसी) बुझाउन सक्नुहुन्न भने, कृपया त्यस्ता कागजको सट्टामा निम्न कागजातहरू मध्ये एक पेश गर्नुहोस्|
**① 2020 साल निवास कर (ज्युमिन्जेइ) वा आय विवरण (काजेई या हिकाजेई) को प्रमाणपत्र ②2020 साल विशेष संग्रह कर सूचना (तोकुबेचु च्योउस्यूउ जेइगाकु चूउचिस्यो ) ③2020 साल निवासी कर भुक्तान सूचना (ज्युमिन्ज़ेइ नोउजेइ चूउचिस्यो )**

(5) यदि तपाईं महानगरीय क्षेत्र बाहेक कुनै राष्ट्रिय सार्वजनिक हाई स्कूलमा भर्ना भएको हुनुहुन्छ भने, हाल अध्यनरत स्कूलको प्रिन्सिपलले तपाईं सहायता रकम तथा पून :अध्ययन सहायता कार्यक्रम इत्यादी छात्रवृत्तिका सुविधाहरू प्राप्त गर्न योग्य हुनुहुन्छ भन्ने व्यहोरा खुलेको सिफारिस (छाप सहित) भएको हुनुपर्नेछ ।

## 7 आवेदन म्याद ・ठेगाना

अभिभाबकको ठेगाना र विद्यार्थीको अध्ययनरत स्कुल अनुसार आवेदन समय र ठाउँ फरक हुनेहुदा सचेत रहनुहोला ।
* घरपरिवारको आय अचानक परिवर्तनभएका हरूले जुनसुकै समयमा आवेदन दिन सक्नुहुनेछ । （रेइवा ३साल १महिनाको अन्त सम्म ）

| २०२० साल ७महिना १गतेको मितिमा भएको अभिभाबकको ठेगाना | २०२० साल ७महिना १गतेको मितिमा विद्यार्थी भर्ना भएको स्कुल | आवेदन बुझाउने ठाउँ | आवेदन बुझाउने म्याद |
|---|---|---|---|
| टोकियो महानगरपालिका | महानगरीय हाईस्कुल महानगर माध्यमिक स्कूल （दोश्रो कोर्ष） | रेइवा २साल ७महिना १गतेको मितिमा पढिरहेको टोकियो भित्रको राष्ट्रिय सरकारी हाईस्कुल | २०२० साल ९महिना १५गते मंगलबार सम्म<br>※ कागजातहरु अपूर्ण भएमा या कैफ़िएत देखिएमा समय लाग्ने हुँदा सकेसम्म चाडो बुझाउनु होला । |
| टोकियो महानगरपालिका | महानगरीय बाहेकका राष्ट्रिय सरकारी हाईस्कुल | टोकियो महानगर शिक्षा कार्यालय महानगर स्कूल शिक्षा विभाग उच्च विद्यालय शिक्षा विभाग | २०२० साल ९महिना १५गते मंगलबार सम्म |
| टोकियो महानगरपालिका | टोकियो भित्र र बाहिरका निजी हाई स्कूलहरू | टोकियो महानगर निजी स्कूल सहयोग केन्द्रमा सम्पर्क गर्नुहोस्।☎ 03(5206)7925 | |
| टोकियो बाहेकका प्रान्तहरु | | २०२० साल ७महिना १गतेको मितिमा ठेगाना भएको आ-आफ्नो प्रान्तीय शिक्षा बोर्डको कार्यालयमा सम्पर्क गर्नुहोस् । | |

## 8 संपर्क गर्नु परेमा

- **महानगरीय उच्च माध्यमिक (हाईस्कुल) अथवा महानगरीय माध्यमिक बिद्यालयमा अध्ययनरत विद्यार्थी भएका परिवारको हकमा**
  अध्ययनरत विद्यार्थीको बिद्यालयको व्यवस्थापन योजना कार्यालय
- **महानगरीय उच्च माध्यमिक (हाईस्कुल) बाहेक अन्य राष्ट्रिय सरकारी उच्च माध्यमिक (हाईस्कुल) अध्ययनरत विद्यार्थी भएका परिवारको हकमा**

〒163-8001
सिन्ज्युकु कु निसी सिन्ज्युकु २-८-१, टोकियो
टोकियो महानगरीय कार्यालय बिल्डिङ २ , १५औं तला
लेखा विभाग, उच्च विद्यालय शिक्षा इकाई, टोकियो महानगरीय सरकारी शिक्षा विभाग
☎ 03(5320)7862 （कार्यालयको समय (बिदा बाहेक) 9:00～17:45）

東京都教育委員会印刷物登録
令和２年度　第 29 号

टोकियो महानगर शिक्षा बोर्ड